# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख ४ गते २०४८ साल (अतिरिक्ताङ्क १ (ख)

## भाग ३

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४४ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०४८ साल बैशाख २९ गते मतदान हुने प्रतिनिधि सभा सदस्यहरूको पहिलो आम निर्वाचनका लागि देहाय बमोजिमको मतपत्रको ढांचा तोकेको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दृष्टव्य :- १. मतपत्रको अधकट्टीमा पछिल्तिर मतपत्रको सिलसिलेवार नं. रहने छ ।

२. मतपत्रमा शुरुमा आयोगमा दर्ता भएका राजनैतिक दलहरुका उम्मेदवारहरुको निर्वाचन चिन्ह दलको दर्ताको क्रम अनुसार रहनेछन् र त्यसपछि स्वतन्त्र उम्मेदवारहरुको निर्वाचन चिन्ह रहनेछन् ।

३. मतपत्रमा निर्वाचन चिन्हको क्रमको प्रारम्भ बायाँतर्फको कोठामा १ नं. र दायाँ तर्फको कोठामा २ नं. को क्रम अनुसार निर्वाचन चिन्हहरु रहनेछन् ।

४. मतपत्रको अधकट्टीमा "प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८," गा.वि.स. न.पा.", "वार्ड नं.", "क्र.सं.", जिल्लाको नाम र निर्वाचन क्षेत्र नं. र दायाँपट्टी वर्ग भित्र "मतदाताको सही" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

५. अधकट्टीको तल्लो भाग मतदातालाई प्रदान गरिनेछ । मतपत्रको यस भागमा "मतपत्र प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८" र जिल्लाको नाम तथा निर्वाचन क्षेत्र नं. उल्लेख हुनेछ । त्यसपछि आयाताकार कोठामा उम्मेदवारको निर्वाचन चिन्ह हुनेछ । निर्वाचन चिन्हको क्रम समाप्त भएपछि तल दायाँ पट्टी "मतदान अधिकृतको सही" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

६. मतपत्रमा सेतो पृष्ठभूमिमा सिम्रिक रंगमा अक्षर, चिन्ह र कोठाका रेखाहरु छापिएका हुनेछन् ।

७. दायाँ बायाँ निर्वाचन चिन्ह रहेका कोठाहरुका रेखाहरुको बीचको खाली ठाउँमा प्रमुख निर्वाचन आयुक्तको हस्ताक्षर सिम्रिक रंगमा छापिएको हुनेछ ।

८. प्रत्येक निर्वाचन क्षेत्रमा अन्तिम रुपमा कायम रहेका उम्मेदवारहरुको निर्वाचन चिन्हहरु मात्र भएको मतपत्र प्रत्येक निर्वाचन क्षेत्रको लागि अलग-अलग हुनेछ ।

आज्ञाले,
अच्युत नारायण राजभण्डारी
निर्वाचन आयोगको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतपत्रको ढाँचा

प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८

............निर्वाचन क्षेत्र न .......

मतदाताको सहीछाप

गा.वि.स./न.पा. ............

वडा नं. ............

मतदाताको क्र. सं. .........

---

**मतपत्र** प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८

..........निर्वाचन क्षेत्र नं ........

| | |
|---|---|
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |

मतदान अधिकृतको सही

....................................

मुद्रण विभाग, सिंहदरबार



८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

90